

# पहिलो महिला उपसभामुखः लीला श्रेष्ठ सुब्बा



● वेणु काफ्ले

## प्रारम्भ

नेपालको महिला मुक्ति आन्दोलनको नेतृत्व गर्ने धेरै अग्रज महिलाहरूले आफ्नो जीवनको ऊर्जाशील समय व्यक्तिगतभन्दा सामाजिक र राजनीतिक परिवर्तनका लागि खर्चिएका छन् । उनीहरूको त्यागले समाजमा परम्पराकालदेखि रहँदै आएका थुप्रै कुरीति र कुसंस्कार हराएका छन्, निमिट्यान्न पार्न नसकिए पनि सुधार भएका छन् ।

नेपाली समाजको परिवर्तनले मात्रै महिला मुक्ति सम्भव छ भन्दै पूर्वी नेपालको सुनसरी जिल्लालाई मुख्य कार्यथलो बनाएर सामाजिक र राजनीतिक परिवर्तनको नेतृत्व गर्ने एक महिला नेताको नाम हो, लीला श्रेष्ठ (सुब्बा) । उहाँ वि.सं. २०४६ को राजनीतिक परिवर्तन पछाडिको संसदीय अभ्यासमा पहिलो महिला उपसभामुख बन्न सफल हुनुभयो ।

## बाल्यकाल

लीला श्रेष्ठ (सुब्बा) को जन्म वि. सं. २००५ साल कात्तिक ५ गते ताप्लेजुङ जिल्लाको सिरिजङ्गा गाउँपालिका वडा नं ३ सम्मागु पाँचपले (साबिक सिगैंचा गाविस वडा नम्बर ९) मा भएको हो । आमा सुकमती र बुबा अम्बरबहादुर मेयाङबोका चार छोरा र दुई छोरी मध्ये उहाँ चौथो सन्तान हो । उहाँ १२ वर्षको हुँदा परिवार नै धरान बसाइ सरेको थियो । धरान उपमहानगरपालिका क्षेत्रमै रहेको हालको शहीद स्मृति माध्यमिक विद्यालयमा पढाइ शुरु गरेर धरानकै डिपो माध्यमिक विद्यालयबाट वि.सं.२०२४ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गर्नुभयो । प्रवीणता प्रमाणपत्र तह धरानको महेन्द्र बहुमुखी क्याम्पसबाट उत्तीर्ण गरी केही समय काठमाडौंको अमृत साइन्स क्याम्पसमा पनि अध्ययन गर्नुभयो । तर स्नातक र स्नातकोत्तर अध्ययनका लागि तत्कालीन समयमा भारतको बनारस जाने चलन भएकाले उहाँ पनि बनारस जानुभयो । बनारसको काशी हिन्दु विश्वविद्यालयबाट वि.सं.२०३७ सालमा स्नातक र २०३९ सालमा स्नातककोत्तर तह पुरा गर्नुभयो । उहाँको विवाह भने प्रवेशिका परीक्षा उत्तीर्ण भए लगत्तै धरानकै धुव्रलाल श्रेष्ठसँग विवाह भयो । चिनजानपछि प्रेम भएर हुन लागेको विवाहलाई अन्तरजातीय भएकाले परिवारले चाहेको थिएन, तर उहाँले

गर्नुभयो । उहाँहरूको सन्तान भने भएन । जनताका छोराछोरीलाई नै आफ्नो सन्तान मान्ने बताउनु हुन्थ्यो । वैचारिक र साहित्यिक किताबहरू पढिरहने बानी भएका कारण उहाँ समकालीन राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक, सामाजिक, आर्थिक परिवेशप्रति सचेत र जानकार हुनुहुनथ्यो ।

## नम्र स्वभाव, सरल व्यवहार

सरल, सहज र नम्र स्वभावका उहाँ दु:खी, गरिब, मजदुरहरूसँग अझ निकट भएर उनीहरूको दु:ख बुझ्नुहुन्थ्यो । फरक स्वभाव र परस्पर विरोधीलाई समेत एकै ठाउँमा राखेर समझदारी गराउन सक्ने क्षमता थियो उहाँमा । आम भनाइ छ, 'कुकुर र बिरालो जस्तो' यो एकदम परस्पर विरोधीलाई भन्ने उखान हो । तर उहाँको घरमा पालिएको कुकुर र बिरालो एकै ठाउँमा बस्थे, एउटै भाँडामा खान्थे । यो देख्नेहरू अचम्म मान्दै उहाँले सिकाएको संस्कारको प्रशंसा गर्दथे । मेलमिलापको यस्तो संस्कार पशुलाई त सिकाउन सकिन्छ भने मानिस मानिसबीच झन् सहजै सिकाउन सकिन्छ भन्ने गर्नुहुन्थ्यो ।

## बहुआयामिक व्यक्तित्व

बहुआयामिक व्यक्तित्व लीला खासगरी राजनीति, सामाजिक, सांस्कृति तथा साहित्यिक प्राय: सबैजसो क्षेत्रमा उहाँको योगदान रहेको छ । सानैदेखि अन्याय, अत्याचार, कुरीति कुसंस्कारको विरुद्ध लाग्ने उहाँ बुझ्ने भएदेखि नै भौतिकवादी दर्शनलाई आत्मसात् गर्नुभयो । कम्युनिष्ट आन्दोलनसँगै रहेर कम्युनिष्ट आन्दोलनलाई यो उचाइसम्म ल्याउन उहाँको अमूल्य योगदान बिर्सनु हुँदैन । अध्ययनका क्रममा बनारसमा भेटिनु भएका नेपाली राजनीति र साहित्यमा स्थापित व्यक्तित्व मोदनाथ प्रश्रितको सङ्गतले तत्कालीन नेकपा मालेमा सक्रिय गराएको भन्ने गर्नुहुन्थ्यो उहाँ ।

वि.सं.२०३६ देखि कम्युनिष्ट पार्टीमा सक्रिय लीलाले वि.सं. २०३७ पछि पुनर्गठित अखिल नेपाल महिला संघको सुनसरी जिल्ला समिति बनेदेखि नै महिलाहरूको नेतृत्व गर्नुभएको थियो । वि.सं. २०४२ सालमा सम्पन्न भएको सुनसरीको पहिलो जिल्ला सम्मेलनले उहाँलाई सचिवको जिम्मेवारी दिएको

थियो । त्यसपछिका दिनहरूमा कोशी अञ्चलको नेतृत्व गर्दै अगाडि बढ्नु भएकी लीला अनेमसंघको वि.सं.२०५५ पुसमा विराटनगरमा सम्पन्न चौथो राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो । वि.सं.२०४७ सालमा तत्कालीन नेकपा मालेको सदस्यता प्राप्त गर्नुभएकी लीलाले तत्कालीन माले र मार्क्सवादीको पार्टी एकीकरणपछि स्थानीय तहदेखि जिल्ला, अञ्चल, राष्ट्रिय परिषद् सदस्य हुँदै नेकपा एमालेको केन्द्रीय सल्लाहकार कमिटीको सदस्य समेत रहेर काम गर्नुभएको थियो ।

वि.सं.२०४८ सालको आम निर्वाचनमा सुनसरी जिल्लाको दुई नम्बर निर्वाचन क्षेत्रबाट उम्मेदवार हुनुभएकी लीला पहिलो पटक पराजित भए पनि वि.स.२०५१ सालको मध्यावधि निर्वाचनमा सुनसरी क्षेत्र नम्बर १ बाट निर्वाचित भएर प्रतिनिधिसभाको सदस्य बन्नुभयो । वि.सं.२०५५ सालमा तत्कालीन उपसभामुख रामविलास यादवले राजीनामा दिएपछि उहाँ उपसभामुख बन्नुभयो । यसरी नेपालको इतिहासमा प्रथम महिला उपसभामुख बनेर ऐतिहासिक व्यक्तित्व बन्न सफल हुनुभयो ।

लीला एउटा कुशल राजनीतिज्ञ मात्रै नभएर असल साहित्यकार पनि हुनुहुन्थ्यो । उहाँका जीवनपयोगी रचनाहरू आजसम्म पनि जीवन्त छन् । लीलाले नेपालका युवाहरूलाई नेपालमै रहेर देशको समृद्धिका लागि लाग्न शिक्षा दिने 'फक्ल्याण्ड' कथा सङ्ग्रह प्रकाशित गरी कथाकारका रूपमा पनि आफूलाई स्थापित गराउनुभयो भने उहाँका थुप्रै कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका थिए । उहाँको मृत्युपछि केही शुभचिन्तकहरू विशेष गरेर सुलोचना मानन्धरको संयोजनमा 'सातौं ऋतु' नामक कविता सङ्ग्रह प्रकाशित छ ।

## सामाजिक काम

समाजिक परिवेश र समाजको वास्तविक चित्रलाई आर्थिक सामाजिक रूपले परिवर्तन गर्नुपर्छ भनेर अहोरात्र खटिने सामाजिक व्यक्तित्वका रूपमा पनि लीलाले आफ्नो परिचय बनाउनु भएको थियो । खुल्ला र सहज परिस्थितिमा मात्र नभएर पञ्चायती तानाशाही व्यवस्थामा पनि जनताका दु:खपीडामा सहभागी हुन रुचाउने लीला वि.सं. २०४५ सालको भूकम्पले धरान आसपासका

क्षेत्रमा रहेका भूकम्प पीडितलाई राहत वितरण गर्ने क्रममा प्रहरी हिरासतमा पर्नुभयो । विभिन्न सामाजिक संस्थामा पनि आवद्ध भएर सामाजिक कार्यमा सक्रिय उहाँले तत्कालीन समयमा कुन्ता शर्मा, सावित्री श्रेष्ठ, राधा गुरुङ, नैनकला न्यौपाने, सविता न्यौपानेलगायतका महिलाहरूको सहयोगमा महिला तथा बालबालिकाका क्षेत्रमा काम गर्नका लागि वि.सं.२०४८ सालमा **शिल्प विकास तथा अनुसन्धान केन्द्र** नामक सामाजिक संस्था पनि स्थापना गर्नुभयो, जुन संस्था अहिले पनि क्रियाशील छ ।

## योगदानको मूल्याङ्कन

व्यक्तिलाई अमर राख्ने उसका असल कर्म र कृतिले नै हो । लीलाले गरेका यावत् योगदानले समाजलाई बाटो देखाइरहेको छ । धरानलाई पहिलो महिला उपसभामुखको गृहनगरका रूपमा परिचित गरायो भने धराने जनताले पनि उहाँले पुऱ्याउनु भएको योगदानलाई बिर्सेका छैनन् । त्यसैले धरानमा लीला श्रेष्ठ सुब्बाका नाममा प्रतिष्ठान गठन भएको छ । उहाँले पुऱ्याउनु भएको योगदानकै कारण उहाँको सम्मानमा धरानमा **लीला श्रेष्ठ सुब्बा सुरक्षित मातृत्व कार्यक्रम**को घोषणा गरिएको छ । धरान उपमहानगरपालिकाले यो कार्यक्रम सञ्चालनका लागि आवश्यक कानूनी व्यवस्था पनि गरिरहेको छ । उहाँको अन्तिम अवस्थामा बसोबास रहेको धरान नगरपाललिका वडा नं. ७ ले यो कार्यक्रम सञ्चालनमा ल्याएको हो । सत्कर्मले नाम अनन्तकालसम्म अजम्बरी राख्छ । उहाँको भौतिक शरीर नष्ट भएर गएपनि नाम अजम्बरी रहने छ, हामीले राख्नेछौं ।

अरुलाई सम्मान गर्नेले आफूले पनि सम्मान पाउँछ भने जस्तै उहाँ सबैलाई सम्मान र स्नेह गर्नुहुन्थ्यो त्यही भएर उहाँलाई पनि सबैले 'दिदी' सम्बोधन गरेर आदर, सम्मान र माया गर्थे । स्नेह र सेवाको भावबाट आफ्नो सम्पूर्ण जीवन समाज र राष्ट्रलाई समर्पित गर्नुभएकी लीला सँधै प्रेरणाको स्रोत बनिरहनु हुनेछ । पछिल्लो समय उहाँ स्नोफिल भन्ने रोगबाट ग्रसित हुनुभयो । रोगले थलिँदा जीवनको पछिल्लो अवस्था पीडादायक रह्यो । अन्ततः वि.सं. २०६७ असार २७ उहाँको निधन भयो । तर पनि उहाँ बाँचीरहनु भएको छ समाज

रूपान्तरणमा उहाँले पुर्याउनु भएको योगदानमा, जसले अनन्त कालसम्म प्रेरणा दिरहने छ । ■

*(लेखक काफ्ले **लीला श्रेष्ठ सुब्बा स्मृति प्रतिष्ठान,***
*धरानकी कार्यवाहक अध्यक्ष हुनुहुन्छ ।)*